**विषय: आगामी आ व २०८१।०८२ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना ।**

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को दफा ३ मा व्यवस्था भए बमोजिमको निर्देशक समितिको मिति २०८०।०९।२९ को बैठकको निर्णयबाट आगामी आर्थिक वर्षदेखि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको विनियोजन हुने रकम उल्लेख गरी सम्वन्धित स्थानीय तहमार्फत अनुदान हस्तान्तरण गर्ने गरी बजेट व्यवस्था गर्नका लागि आवश्यक पर्ने विद्यालयका कार्यक्रम तयारी गर्ने सम्बन्धमा प्रस्ताव पेस गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्ताव माग गरिएका क्षेत्रहरू :**

**१. विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम ( ४ कोठे विद्यालय भवन)**
**२. सूचना प्रविधि ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरी**
**३. प्राविधिक धारका कार्यक्रम सञ्चालन**

**विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम ( ४ कोठे विद्यालय भवन) माग गर्ने आधारहरू:**

१. विद्यार्थी सङ्ख्याका आधारमा भवन र कक्षाकोठा नपुग भएको ।
२. विद्यालयको भवन निर्माणका लागि विद्यालयको आफ्नै स्वामित्व र विद्यालय भवन हाताभित्र शौचालयसमेत निर्माण गर्न पर्याप्त जग्गा भएको ।
३. सङ्घ, प्रदेश तथा स्थानीय तह र कुनै दातृसंस्थाबाट भवन निर्माणका लागि कार्यक्रम नपरेको वा दोहोरो हुने अवस्था नभएको ।
४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत गतवर्षसम्म ४ कोठे विद्यालय भवन निर्माण कार्यक्रम प्राप्त नभएको तथा विगत वर्षहरुमा परेका भौतिक निर्माणका कार्य सम्पन्न भई सकेको र विद्यालयको भौतिक निर्माणमा बेरुजु नरहेको ।
५. नमुना विद्यालय विकास कार्यक्रममा छनौट भएको विद्यालय हुनु नहुने ।
६. लागत साझेदारीमा निर्माण कार्य गर्न सक्षम भए सो को प्रतिवद्धता ।
७. स्थानीय तहबाट सिफारिस भएको हुनु पर्ने ।

**सूचना प्रविधि ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरी:**

१. सूचना प्रविधि ल्याव तथा हालसम्म डिजिटल लाइब्रेरी व्यवस्था नभएका माध्यमिक विद्यालय हुनु पर्ने ।
२. उच्च विद्यार्थी सङ्ख्या भएका आधारभूत तह कक्षा ८ सम्म सञ्चालनमा रहेका विद्यालयसमेत समावेश हुन सक्ने ।
३. सूचना प्रविधि ल्याव व्यवस्थापन तथा डिजिटल लाइब्रेरी व्यवस्थाका लागि आवश्यक कोठा र इन्टरनेट सहितको विद्युतीय प्रवन्ध भएको हुनु पर्ने ।
४. कम्प्युटर विषय अध्यापन हुने विद्यालय भए सो को व्यहोरा खुल्ने प्रमाण समावेश गर्नुपर्ने ।
५. गत विगत वर्षहरुमा सूचना प्रविधि ल्याब व्यवस्थापनका लागि अनुदान प्राप्त नभएका विद्यालय हुनुपर्ने ।

**प्राविधिक धारका कार्यक्रम सञ्चालनः**

१. हालसम्म प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालनका लागि विद्यालय छनौट नभएका स्थानीय तह मध्येबाट विद्यार्थी सङ्ख्या उच्च भई प्राविधिक धार सञ्चालन हुन सक्ने अवस्थामा रहेका इच्छुक माध्यमिक विद्यालयहरुले सञ्चालन गर्न चाहेको प्राविधिक धारको विषयसमेत स्पष्ट हुने गरी प्रत्येक स्थानीय तहबाट १ वटा मात्र पर्ने गरी प्रस्ताव पेस गर्नु पर्ने ।

**कार्यक्रम माग गर्ने प्रक्रियाः**

१. उल्लिखित कार्यक्रमहरुमा तोकिएका आधारभित्र पर्ने विद्यालयहरूले कार्यक्रम माग गर्दा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई निर्णय प्रतिलिपिसमेतका कागजातहरू सहित तयार गरेको फाइल मिति २०८०।११।२२ गते भित्र स्थानीय तहमा पेस गर्ने ।

२. स्थानीय तहमा पेस भएका प्रस्तावहरु सम्बन्धित स्थानीय तहले ४ कोठे भवनको लागि बढीमा ३ वटा विद्यालयमात्र, सूचना प्रविधि ल्याब तथा विद्यालयमा डिजिटल लाइब्रेरी व्यवस्थापनका लागि बढीमा ३ वटा विद्यालयलाई प्राथमिकीकरण गरी Font Kalimati मा Font Size ११ मा देहायको ढाँचामा तयार गरेको Excel Sheet सहितको Electronic Copy र Hard Copy फाइल मिति २०८० साल फाल्गुण मसान्तभित्र सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाईमा पेस गर्ने ।

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | IEMIS CODE | विद्यार्थी सङ्ख्या | प्रस्तावित कार्यक्रम | संलग्न कागजात | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

३. स्थानीय तहबाट प्राप्त भएका सिफारिसलाई स्थानीय तहले प्राथमिकीकरण गरेको विद्यालयको क्रम नबिग्रने र एउटा स्थानीय तहका विद्यालयहरू एकै ठाउँमा रहने गरी तपसिलको ढाँचामा शिक्षा विकास तथा समन्वय इकाईले Font Kalimati र Font Size ११ हुने गरी देहायको ढाँचामा Excel Sheet तयार गरी Editable Excel Sheet र PDF Copy दुबै कागजात मिति २०८० ।१२।१० गते भित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी , भक्तपुरको इमेल ठेगाना perp2077@gmail.com मा पठाइ सक्नु पर्नेछ ।

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | IEMIS CODE | विद्यार्थी सङ्ख्या | प्रस्तावित कार्यक्रम | संलग्न कागजात | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

४. शिक्षा विकास तथा समन्वय इकाईले प्रमाणित Excel Sheet र प्राप्त प्रस्तावहरूलाई विद्यालयगत छुट्टा छुट्टै फाइलमा राखी स्थानीय तह अलग अलग रहने गरी जिल्ला भरिको सबै सक्कल प्रस्ताव मिति

२०८०।१२।२० गतेभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी , भक्तपुरमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

**पेस गर्नु पर्ने कागजात:**

१. विद्यालय व्यवस्थापन समितिको निर्णयसहित कार्यक्रम माग गरेका कागजात ।
२. विद्यालयको प्राथमिकता क्रम र कार्यक्रमको दोहोरोपन नपर्ने सुनिश्चिततासहितको स्थानीय तहको सिफारिस पत्र ।
३. स्थानीय तहको प्राथमिकीकरणसहित सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईले तयार गरेको स्थानीय तहगत जिल्लाको समष्टिगत प्रमाणित विवरण ।
४. प्राविधिक धार सञ्चालनमा नरहेका स्थानीय तहले प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयबाट कुन प्राविधिक धारको कार्यक्रम माग भई आएको हो सो स्पष्ट खुल्ने गरी उक्त विद्यालयलाई सञ्चालन अनुमति सम्बन्धी प्रकिया पूरा गरेका कागजात संलग्न गर्नु पर्नेछ ।
५. विद्यालयले तयार गरी स्थानीय तहमा पेस गरेको रुजु सूचीको सक्कल प्रति ।

**पुनश्च:**

१. म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्तावउपर कुनै कारवाही गरिने छैन ।
२. शिक्षा विकास तथा समन्वय इकाईबाट माथि उल्लेख भएबमोजिम प्रमाणीकरण गरी पठाएका प्रस्तावमात्र ग्राह्य हुनेछन् ।
३. सिफारिसका लागि दिएको फर्मेटभन्दा फरक फर्मेट र फरक फन्ट प्रयोग नगरी दिनु हुन अनुरोध छ ।

## विद्यालयले पेस गर्ने प्रस्तावनाको ढाँचा:

श्री ..............................................शाखा / महाशाखा

.......................................को कार्यालय ..............

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०८०।११।०१ मा प्रकाशित सूचना अनुसार राष्ट्रपति शैक्षिक सुधारको कार्यक्रमका लागि मेरो विद्यालयको अवस्था तपसिलमा उल्लिखित विवरण अनुसार भएकोले आवश्यक जाँचबुझ गरी देहायका कार्यक्रमका लागि सिफारिस गरि दिनु हुन यो विवरण पेस गरेको छु ।

विद्यालयको नाम:

जिल्ला :

सञ्चालित कक्षा :

IEMIS Code:

माग गरेको कार्यक्रम:

स्थानीय तह:

कुल विद्यार्थी संङ्ख्या:

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

विवरण:

| ४ कोठे भवन | | | | सूचना प्रविधि ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरी | | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | विवरण | अवस्था | | क्रस | विवरण | अवस्था | |
| | | छ | छैन | | | छ | छैन |
| १ | विव्यस को निर्णय | | | १ | विव्यस को निर्णय | | |
| २ | शौचालयसहितको ४ कोठे भवन बनाउन जग्गाको उपलब्धता | | | २ | विद्यालयमा ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरी को लागि थप कोठाको व्यवस्था | | |
| ३ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सुरु भएको आ.व. देखी हालसम्म ४ कोठे भवन परेको | | | ३ | विद्यालयमा विजुलीको व्यवस्था र इन्टरनेटको सुविधा | | |
| ४ | यसअघि भौतिक निर्माण सम्बन्धी कार्यक्रमको बेरुजु | | | ४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट कार्यक्रम परेको | | |
| ५ | यसअघि परेको कार्यक्रमको कार्य सम्पन्ता | | | ५ | स्पेशिफिकेशन बमोजिम सामग्री खरिद र प्रयोग गरेको | | |
| ६ | विद्यालयले लागत साझेदारीमा थप रकम व्यहोर्न सक्ने अवस्था | | | ६ | आफैले Software को व्यवस्था गरी Learning Portal प्रयोग गर्न सक्ने अवस्था | | |
| ७ | विद्यालयले थप गर्नु पर्ने रकम नपुग भएको अवस्थामा स्थानीय तहले थप गर्न सक्ने अवस्था | | | ७ | समय समयमा मर्मत तथा आवश्यक सामग्री आफै व्यवस्था गर्न सक्ने अवस्था | | |
| ८ | ३ वर्षदेखि सामाजिक विकास मन्त्रालय तथा शिक्षा विकास निर्देशनालयवाट ४ कोठे वा सो भन्दा ठुला निर्माण कार्य भएको अवस्था | | | ८ | विभिन्न सघं सस्थाबाट सूचना प्रविधि सम्वन्धि उपकरण उपलब्ध गराएको अवस्था | | |
| ९ | विगत ३ वर्षदेखि यता विदेशी दातृ निकाय तथा सङ्घसस्थावाट ४ कोठे र सो भन्दा ठुला निर्माण कार्य भएको अवस्था | | | ९ | सामाजिक विकास मन्त्रालय तथा शिक्षा विकास निर्देशनालयबाट सूचना प्रविधि तथा डिजिटल लाइब्रेरी सम्वन्धि कार्यक्रम परेको अवस्था | | |
| १० | कम्तीमा १० वर्षसम्म विद्यार्थी टिकाउको अवस्था | | | १० | कक्षामा सिकाइ प्रयोजनका लागि निरन्तर प्रयोगको सम्भावना अवस्था | | |
| ११ | जिल्ला आयोजना कार्यान्वयन इकाई शिक्षाबाट पुन:निर्माण भएको कम्तिमा एउटा ४ कोठे भवन | | | ११ | सूचना प्रविधि सम्बन्धि तालिम प्राप्त जनशक्तिको व्यवस्था | | |

प्र .अ. को नाम:

दस्तखत :

स्थानीय तहको शिक्षा प्रमुख/ प्रमुख प्रशासकीय अधिकृतको रायसहितको प्राथमिकता क्रम

पुनश्च: स्थानीय तहको शिक्षा शाखाबाट माथिको सूचीको आधारमा मूल्याङ्कन गरी पठाइदिनु हुन ।